जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक २०८ २०७६ साल चैत ७ गते शुक्रबार (20 Mar. 2020 Friday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : बिचौलिया र कालाबजारीयालाई ... ३ पृष्ठमा : तिलाठी कोइलाडी गापामा.. ३ पृष्ठमा : कोरोनाबाट विश्वभरीमा ..

# कोरोना भाईरस सम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई तिब्रता








**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**

विश्वव्यापी रुपमा फैलिदै गएको कोरोना भाइरसको संक्रमणप्रति सप्तरीमा विभिन्न संघसंस्थाहरुले जनचेतनामूलक कार्यक्रमलाई तिब्रता दिएको छ ।

बिहीबार राष्ट्रिय युवा संघ नेपाल, सप्तरी उद्योग बाणिज्य संघ, डाक्नेश्वरी नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, तिलाठी कोईलाडी गाउँपालिका र विष्णुपुर गाउँपालिकाले जनचेतनामूलक कार्यक्रमलाई तिब्रता दिएको हो ।

बिहिवार राष्ट्रिय यूवा संघले राजबिराजमा जिल्ला प्रशासन कार्यालय र मालपोत कार्यालय अगाडि सेवाग्राहीलाई साबुन पानीले हात धुनका लागी प्रेरित गर्दै जनचेतना दिएको छ ।

जिल्लाका अति भिडभाड हुने ठाँउहरु जिल्ला प्रशासन कार्यालय र जिल्ला मालपोत कार्यालय सहित गजेन्द्र चौक र दशन चौकमा कार्यक्रम गरिएको युवा संघका निरन्जन झाले जानकारी दिएका छन ।

यसैगरी पिसजोन स्कुल राजबिराजले पनि अभिभावक र बिद्यार्थीहरूलाई कोरोना भाईरस नियन्त्रणका लागि जनचेतनामुलक कार्यक्रमको आयोजना गरेको छ ।



बिद्यालयका बालवालिकालाई सर्तक भई स्वास्थ सुरक्षाका उपायहरू अवलम्वन गर्न, भिडभाडमा नजान, र सरफाई माध्यमवाट सुझाव दिन र घरपरिवार, छरछिमेकीमा सर्तकता अपनाउन सचेत गर्न सल्लाह दिएको पिसजोन स्कुलका प्राचार्य हरिवंश प्रसाद यादबले बताए ।

यस्तै उद्योग बाणिज्य संघ सप्तरीले सचेतनाका लागि आग्रह गरेको छ । विहिबार राजविराजस्थित आफ्नै कार्यालय परिसरमा साबुन पानीले हात धोऔ भन्ने नारासहित सचेतना कार्यकमको आयोजना गरेको संघले कोरोना भाईरस संकमण पुर्व तयारीका बारेमा सबैसँग आग्रह गरेको हो ।

सो अवसरमा संघका बरिष्ठ उपाध्यक्ष शंकर दासले कोरोना भाईरसका कारण विश्व भरी धेरै जनधनको क्षति भएको भन्दै त्यसले नेपालका सीमा क्षेत्रबाट सर्न सक्ने जोखिम नियन्त्रण गर्न आवश्यक सवै उपाय गर्न सरकारसँग माग समेत गरे । उनले साबुन पानीले हात धुने तथा मास्क र पंजा प्रयोगको बानी अपनाउन पनी सहभागी सँग आग्रह गरे ।

यसैगरि भारतीय सिमा सँग जोडिएका डाक्नेश्वरी नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, तिलाठी कोईलाडी गाउँपालिका र विष्णुपुर

*बाँकी तीन पृष्ठमा*







देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit · WESTERN UNION MONEY TRANSFER · Best Remit · prabhu Money Transfer · CITY EXPRESS · IME International Money Express · IME pay · himal remit हिमालरेमिट · CG Money · MoneyGram money transfer

## कोरोना भाइरसको सम्भावित संक्रमणबाट बच्न सरकारलाई १० बुँदे निर्देशन

काठमाडौँ, ६ चैत (रासस)।

प्रतिनिधिसभाको कानून न्याय तथा मानवअधिकार समितिले कोरोना भाइरस (कोभिड–१९) को सम्भावित सङ्क्रमणबाट बच्न सरकारलाई १० बुँदे निर्देशन दिएको छ।

समितिको बिहीबारको बैठकले दिएका निर्देशनमा उपत्यकालगायत देशभरका स्वास्थ्य संस्थामा जनसङ्ख्याको चापअनुसार सघन उपचारकक्ष र आइसोलेसनको पर्याप्त व्यवस्था मिलाउने र कोरोना भाइरसको परीक्षणका लागि मेडिकल सामग्री उपलब्ध गराई औषधि मौज्दात राख्ने प्रबन्ध गर्ने रहेको छ।

त्यस्तै, सरकारी, सामुदायिक र निजी अस्पतालबीच आवश्यक समन्वय गरी कोरोना भाइरसबाट सङ्क्रमण रोकथामका लागि आइसीयू र आइसोलेसन राख्ने, सातै प्रदेशमा यो उपचार तथा परीक्षणको हुन सक्ने गरी प्रबन्ध गर्ने निर्देशन दिइएको छ।

प्रत्येक स्वास्थ्य संस्थामा मेडिकल विज्ञ समूह खडा गरी कोरोना भाइरसविरुद्ध लड्न चिकित्सकको मनोबल वृद्धि गरी चिकित्सकको सुरक्षामा विशेष ध्यान पुऱ्याउन निर्देशनमा भनिएको छ। निर्देशनमा कोरोना भाइरसको नियन्त्रणमा सफलता हासिल गरेको मित्रराष्ट्र चीनको व्यवस्थापकीय पक्षको जानकारी लिई देशभर सञ्चारमाध्यममार्फत तत्काल जनचेतनाको अभियान कार्यक्रम सञ्चालन गर्नुपर्ने रहेको छ।

मास्क, औषधि तथा अतिआवश्यक वस्तुको अभाव देखाउने काम भएको हुनाले कालाबजारी रोक्न गृह र उद्योग तथा वाणिज्य मन्त्रालयलाई समितिले निर्देशन दिएको हो। विपद्का बेला राजनीतिक दलको एकतालाई स्वागत गर्दै स्थानीय तहको वडा तहसम्म राजनीतिक दलका भातृ सङ्गठनमार्फत कोरोना सम्भावित सङ्क्रमणलाई रोक्ने अभियान सञ्चालन गर्ने रहेको छ।

समितिका सभापति कृष्णभक्त पोखरेलले सरकारलाई समितिले दिएको १० बुँदे निर्देशनको जानकारी दिँदै सञ्चारमाध्यमले कोरोना भाइरससम्बन्धी समाचार प्रकाशन वा प्रसारण गर्दा सत्य, तथ्य र वस्तुनिष्ठ जानकारी मात्र सम्प्रेषण गर्न आग्रह गर्नुभयो।

समितिको बैठकमा सांसदहरु सुवासचन्द्र नेम्वाङ, देव गुरुङ, बालकृष्ण खाँड, गोमा देवकोटालगायतले सरकारले कोरोना भाइरसको सम्भावित सङ्क्रणलाई रोक्न आवश्यक उपचारको व्यवस्था गर्नुपर्ने र बजारमा अतिआवश्यक वस्तुलाई लुकाएर कालोबजारी गर्नेलाई कडा कारवाही गर्नुपर्ने सुझाव दिनुभएको थियो।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# बिचौलिया र कालाबजारीयालाई कानूनी दायरामा ल्याउनुपर्छ



**अमरनाथ मण्डल**

अहिले कोरोना भाइरसको त्रासमा दिनप्रतिदिन वस्तु भाउहरुको मूल्य बढि रहेको सन्दर्भ लिएर सर्वसाधारणहरु चिन्तितको मनोदशाबाट गुज्न बाध्य भइरहेका छन्। एकातिर कोरोना भाइरसको प्रकोप हाम्रा छिमेकी राष्ट्र भारतमा तिव्र गतिले बढि रहेको सन्दर्भबाट नेपाल र भारतको खुल्ला सिमाना रहेको कारणले गर्दा सहज रुपमा कोरोना भाइरस संक्रमण भएका व्यक्तिहरु नेपाल प्रवेश गर्न सकिने खतरा बढेर गएको सन्दर्भमा नाकाहरुमा अझै कडा रुपमा तदरुपताको साथ टोली र विशेषज्ञहरुको विशेष निगरानीमा चेक पोष्टहरुलाई सबल बनाउनुपर्ने अवस्था आफ्नो ठाउँमा रहेको सन्दर्भमा अहिले नेपालमा पनि मानसिक तनावबाट सर्वसाधारणहरुले गुज्रनु परेको अवस्थाले माथिबाट नेपालीहरुले कालाबजारीको तदरुपतालाई झन बढाइरहेका छन्।

अपराधको चरम केन्द्रबिन्दु तब हुन्छ जब देशमा दैवी प्रकोपको बेला कालाबजारीयाहरुले सलबलाउन थाल्छ। मानिसको चिन्ता र चिन्तनबाट ग्रसित रहेको अवस्थामा माथिबाट वस्तु भाउहरुको अभावको कारण दिनचार्याहरुमा अप्ठ्यारो बेहोर्नुपर्ने सन्दर्भ लिएर बिचौलिया र कालाबजारीहरु बस्तु भाउको मूल्यमा मूल्य वृद्धि गरी चोराएर बिक्री वितरण गरेकोले यस्तो अपराधको सजाय कडा रुपमा दिनुपर्ने कानूनले तथा सम्बन्धित अनुगमन र निरिक्षण गर्नेहरुले सक्रिय रुपमा कार्वाहीको अगाडि बढाउनु पर्छ। नत्र दैवी प्रकोपको बेला मानिसहरुमा झन त्रास र पिडाको मनोदशा भोग्न बाध्य हुन्छ।

अहिले बजारहरुमा मास्कको बिक्री वितरणमा कालाबजारी भइरहेका छन् भने नेपाल सरकारले पर्याप्त रुपमा ग्याँसको व्यवस्था भएको ग्याँस सिलिण्डका डिपोहरुमा सहज रुपमा ग्याँस सिलिण्डर पाईरहेको छैनन्। त्यस्तै रुघाखोकी र श्वाप्रश्वास रोक्ने औषधीहरु औषधी पसलेहरुले अभाव रहेको ग्राहकहरुलाई बताइरहेको छन् भने दिनचार्याको चिज वस्तुहरुको मूल्य बढ्ने गरेको अवस्था देखिन्छ। यसको कारक तत्वलाई पत्ता लगाई अनुसन्धान तथा निरिक्षण गरी अपराधीलाई कार्वाहीको दायरामा पुऱ्याउनुपर्ने सम्बन्धित निकाय तथा स्थानीय प्रशासनहरुको प्रमुख जिम्मेवारी रहेको छ।

अहिले मानिसहरु आफै त्रासमा रहेको अवस्थामा समाजिक सञ्जालहरुले अधिकांश गलत सूचना प्रवाह गरी मानिसहरुको बीचमा भएको स्थिति सिर्जना गरी बस्तु भाउहरुको मूल्य बढाउने तथा बजारमा रहेका वस्तु भाउहरुलाई चोरी छुपी बेचबिखन गर्ने लगायतका अपराधहरु सलबलाइरहेका छन्। एसईई परीक्षाको स्थगित पछि तथा राज्यले सक्रियता तथा सतर्कताको लागि चालेका पाइलाहरुबाट आतिएर नानाथरिका शंका उपशंका मानिसहरुको मनोस्थितिमा सिर्जना भई मानिसले चर्को मूल्यमा बस्तु भाउहरुको खरिद बिक्री गर्ने देखिन्छ।

नेपालमा कोरोना भाइरसको संक्रमण अहिलेसम्म नआएको सन्दर्भमा पूर्व सतर्कता अपनाएको कारणले गर्दा सरकार पक्षबाट केही मुख्य कुराहरुलाई केन्द्रबिन्दु बनाई सतर्कताको लागि पाइला चालेका छन्। त्यस्ता पाइलाहरुबाट कोरोना भाइरस नेपाल भित्रेको डर नगर्न सबैले साहसको रुपमा धैर्यतालाई सबल बनाउनुपर्ने अहिले अवस्था रहेको छ। साथै कालाबजारीयाहरु तथा बिचौलियाहरुको कुनै किसिमको गतिविधिहरु कुनै सर्वसाधारणले पाएपछि त्यस्को जानकारी तुरुन्त स्थानीय प्रशासनलाई गराउनुपर्ने अवस्था देखिन्छ। कोरोना भाइरस संक्रमण नेपालमा नआउन दिन नेपाली जनताले सहज र सरल तरिकाबाट आफु र आफ्नो छरछिमेकीहरुलाई सचेतनाको विधिहरु बारे जानकारी गराई सतर्कता अपनाए भने यस्ता भाइरसबाट हामीले मुक्ति पाउने छौ। अहिले परिवेश हेर्दा विश्वको अधिकांश देशहरुमा देखिएको कोरोना भाइरसबाट लडिरहेको सन्दर्भमा कतिपय देशहरुमा सतर्कता र सावधानी अपनाएपछि यस भाइरसको जोखिमबाट सहज रुपमा बच्ने बाटोहरु देखाइरहेका छन्। त्यसैकारण हाम्रो देशमा चिन र भारतको बीचमा रहेका हामी बीच अहिलेसम्म कोरोना भाइरसको प्रकोपबाट बचिरहेका छौ। सहज र सरल केही सरसफाईका विधिहरु अपनाएपछि हामी आफु पनि बच्ने अरुलाई पनि बचाउने अवस्थाको सिर्जना गर्न सक्छौ।

नेपाल सरकारले विद्यालयहरुलाई बन्द गरेको सन्दर्भमा हाम्रा बालबालिकाहरुलाई घर भित्रनै शिक्षाको आधारहरुलाई अवस्था सिर्जना गरी विद्यालय बन्द भएसम्मको अवस्थालाई बालबालिकाहरुलाई शिक्षाको व्यवस्थालाई मिलाउनको लागि आफुमा सक्रियताको अनुभूति दिलाउनुपर्छ। त्यस्तै अन्य सवालहरुमा नडराई, नघबराई सहज तरिकाबाट यस्तो शंकटको बेलामा धैर्यतापूर्वक रुप सावधानीपूर्वक सतर्कताकोसाथ दिनचार्यालाई अगाडि बढाउनुपर्ने अवस्थाको सिर्जना गर्नुपर्छ। बिचौलिया र कालाबजारीहरुको अनुगमन निरिक्षण गरी सम्बन्धित निकायहरुले कानूनी कठघारामा उभ्याउनुपर्ने साथै बजारको वस्तु भाउहरु सहज र सरल तरिकाबाट सर्वसाधारणसम्म पुऱ्याउने उद्देश्य लिई स्थानीय प्रशासनहरुले, स्थानीय जनप्रतिनिधिहरुले सक्रिय रुपमा पहल गर्नुपर्ने आवश्यकता देखिन्छ।

# एसइई परीक्षा केन्द्र सुनसान, विद्यार्थीसँग क्षमा माग्दै प्रश्नपत्र सुरक्षित गर्न बोर्डको आग्रह

भक्तपुर, ६ चैत (रासस)।

सरकारले बिहीबारदेखि देशभरका परीक्षा केन्द्रमा एकैसाथ शुरु गर्ने भनेको माध्यमिक शिक्षा परीक्षा (एसइई) स्थगन गरेपछि देशभरका एक हजार ९९५ परीक्षा केन्द्र सुनसान भएका छन्। बुधबार दिनभरि परीक्षा केन्द्रको तयारी र विद्यार्थीको सिम्बोल नम्बर प्रत्येक बेञ्चमा टाँसेर परीक्षाको तयारी गरे पनि साँझ सरकारले परीक्षा अनिश्चितकालका लागि स्थगन गरेपछि परीक्षा केन्द्र सुनसान बनेका हुन्।

विश्वव्यापी महामारीका रूपमा रहेको कोरोना भाइरस (कोभिड–१९) फैलिने उच्च जोखिमलाई मध्यनजर गर्दै उपप्रधानमन्त्री ईश्वर पोखरेलको नेतृत्वमा बुधबार साँझ बसेको सरकारको उच्चस्तरीय समन्वय समितिको बैठकले आकस्मिक निर्णय गर्दै एसइई परीक्षासँगै चैतमा हुने भनिएका सबै परीक्षा अर्को सूचना नआएसम्मका लागि स्थगन गर्ने निर्णय गरेको थियो।

चैत १७ गतेसम्म सञ्चालन हुने तय भएको एसइई परीक्षाको सम्पूर्ण तयारी पूरा भएको थियो। अचानक परीक्षा स्थगन भएपछि परीक्षा दिन तयारी अवस्थामा रहेका कूल चार लाख ८२ हजार ७०७ विद्यार्थी र परीक्षामा खटिने ६५ हजार जनशक्ति परिचालन नहुँदा परीक्षा केन्द्र सुनसान बनेका हुन्।

स्थानीय तहमार्फत समन्वय गरेर प्रत्येक परीक्षा केन्द्रमा हेल्प डेस्क राख्ने भनिए पनि त्यसको प्रभावकारी तयारी हुन सकेको थिएन। ठिमीका चार वटा परीक्षा केन्द्रमा हेल्प डेस्कको जिम्मा लिएको नागरिक अस्पतालका नर्सिङ इञ्चार्ज सुन्दरी जोशीले विद्यार्थीको ज्वरो नाप्ने 'गन थर्मोमिटर' कहीँकतै नपाइने भएकाले परीक्षा केन्द्रमा सामान्य थर्मोमिटरले ज्वरो जाँच्न असम्भव हुने अवस्थामा परीक्षा स्थगन हुनु सकारात्मक भएको बताउनुभयो। सिटामोल बोकेर हेल्प डेस्कमा बस्नुको अर्थ नभएको अवस्थामा विद्यार्थीको स्वास्थ्यप्रति सरकार संवेदनशील भएर परीक्षा स्थगन हुने निर्णय आउनु सकारात्मक भएको उहाँले बताउनुभयो।

यता राष्ट्रिय परीक्षा बोर्डले एसइई स्थगन गर्नु परेपछि विद्यार्थी र अभिभावकसँग क्षमा मागेको छ। बिहीबारदेखि सञ्चालन हुने गरी निर्धारण गरिएको परीक्षा अन्तिम समयमा आएर स्थगन भएपछि बोर्डले विज्ञप्ति जारी गर्दै विद्यार्थी र अभिभावकसँग क्षमा मागेको हो। बोर्डका सदस्य सचिव दुर्गा अर्यालद्वारा जारी विज्ञप्तिमा 'एसइई परीक्षा स्थगन हुँदा यसबाट विद्यार्थी तथा अभिभावकलगायत सम्बद्ध सबैमा पर्न गएको असुविधाप्रति बोर्ड क्षमाप्रार्थी छ' भनिएको छ।

यसबारेमा सदस्य सचिव अर्यालले कोरोना भाइरसको विश्वव्यापी महामारीको अवस्थाप्रति सचेत हुँदै अन्तिम समयमा आएर परीक्षा स्थगन गर्नुपरेकामा क्षमाप्रार्थी रहेको बताउनुभयो। बोर्डले परीक्षा केन्द्रका केन्द्राध्यक्षलाई एसइई परीक्षाका प्रश्नपत्रलगायतका गोप्य सामग्री र उत्तरपुस्तिकाको सुरक्षा गर्न निर्देशन दिएको छ भने सुरक्षा निकायलाई परीक्षाका सबै सामग्री सुरक्षाका लागि आग्रह गरेको छ।

## भन्सार छलेका सामानसहित एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत।**

सप्तरीको विष्णुपुर गाउँपालिका १ र कंचनरुप नगरपालिका ७ बाट प्रहरीले भन्सार छलेर ल्याउँदै गरेको विभिन्न किरानाका सामानहरु बरामद गर्नुका साथै एक जनालाई नियन्त्रणमा लिएको छ।

भारतबाट नेपालतर्फ अवैध रुपमा भन्सार छलेर ल्याउदै गरेको किरानाका सामानहरू प्लास्टिकका डोरी, राजनिवास, खाने तेल, बिस्कुट, खैनी लगायतका २७ हजार मुल्य बराबरको सामानहरु बरामद गरेको प्रहरीले जनाएको छ।

यता बरामद सामानसहित पक्राउ परेका सप्तरीको रुपनी गाउँपालिका ५ बस्ने ३५ वर्षिय मुनेश्वर साहलाई समेत नियन्त्रणमा लिई भन्सार कार्यालय बुझाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# तिलाठी कोइलाडी गापामा कोरोना भाइरसको नियन्त्रण तथा उच्च सतर्कता अपनाउने निर्णय

**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत राजु कुमार झाको संयोजकत्वमा बिहिबार विश्वव्यापी रुपमा फैलिएको नोबेल कोरोना भाइरसको नियन्त्रण तथा उच्च सतर्कता अपनाउने विषयमा विभिन्न निर्णय गरेको छ ।

जनस्वास्थ्य आपतकालीन ब्यवस्थापन उपसमितिको बैठकले निर्णयहरु गर्दै वडा नं. १ बेल्ही भन्सारमा रहेको हेल्थ डेस्कको कामको समिक्षा समेत गरेको छ ।

सो हेल्थ डेस्कमा बुधबारसम्म २ हजार ३ सय २१ जनाको परीक्षण गरिएको जनाइएको छ भने हेल्थ डेस्कलाई अझ प्रभावकारी बनाउन विहान ६ बजेदेखि दिउँसो १२ बजेसम्म एउटा सिफ्ट र दिउँसो १२ बजेदेखि साँझ ७ बजेसम्म अर्को सिफ्टमा गरी स्वास्थ्यकर्मीहरुलाई परीक्षणको लागि परिचालन गर्ने निर्णय गरेको छ ।

यस्तै सबै वडामा कोरोना सम्बन्धी मैथिली भाषामा माइकिङमार्फत सन्देश प्रवाहगर्ने, गाउँपालिका अन्तर्गतको सबै निकायमा स्यानिटाइजर र प्रचार सामग्री पठाउने, वडा नं. ८ स्थित प्राथमिक स्वास्थ्य केन्द्र तोपाको एउटा कोठालाई संक्रमण निवारण गरी कम्तिमा दुई वेडको निगरानीकक्ष ( क्वारेन्टाइन) को रुपमा तयारी गर्ने, प्रत्येक स्वास्थ्य संस्थामा आउने सेवाग्राहीको तापक्रममापन गरी रेडर्क राख्न र दिनहुँ गाउँपालिकामा रिपोर्टिङ गर्न निर्देशन दिने, गाउँपालिका स्तरमा कोरोना भाइरस रोकथामको लागि भइरहेको गतिविधिहरुको बारेमा सम्बन्धित सबै सरोकारवाला निकायहरुमा दैनिक रुपमा रिपोर्टिङ गर्नका लागि स्वास्थ्य शाखाका जनस्वस्थ्य अधिकृत भूपेन्द्र झालाई सम्पर्क ब्यक्तिको रुपमा तोक्ने निर्णय गरेको छ ।

यसैगरि गाउँपालिका अन्तर्गतको सवै निकायमा कर्मचारी तथा सेवाग्राहीलाई संस्था प्रवेश गर्नु अगावै साबुन पानीले अनिवार्य रुपमा हात धुने व्यवस्था मिलाउने र हावाहुरीको बेला आगलागी हुन सक्ने भएकोले सबै निकायले जोखिम न्युनीकरणकालागि आ-आफ्नो स्तरबाट पहल गर्ने तथा स्वास्थ्य संस्थामा आउने सेवाग्राहीलाई आगलागीबाट जोगिने उपायका बारेमा बताउने निर्णय समेत गरिएको विपद् व्यवस्थापन अधिकृत राजेश झाले जानकारी दिएका छन् ।

सो बैठकमा विपद् ब्यवस्थापन अधिकृत राजेशकुमाार झा र स्वास्थ्यशाखाका जनस्वास्थ्य निरीक्षकदिपक मण्डलले सहजीकरण गरेका थिए ।

# चिनी उद्योग धमाधम बन्द हुँदै

सर्लाही, ६ चैत (रासस) ।

सर्लाहीको हरिवनमा रहेको इन्दु शङ्कर चिनी उद्योग लिमिटेड यस 'सिजन'को उखु क्रसिङ सकेर चैतको पहिलो साता नै बन्द हुने भएको छ । गत वर्ष वैशाख दोस्रो हप्तासम्म चलेको चिनी उद्योग यस वर्ष चैत पहिलो साता नै बन्द हुने भएको हो ।

सर्लाही, महोत्तरी, रौतहट र बाराको गरी कूल २२ हजार क्षेत्रफलको उखु किसानले इन्दु शङ्करसहित जिल्लाका अन्य चिनी मिलका साथै छिमेकी जिल्लाका चिनी मिलसम्म पुऱ्याउने गरेका छन् । यस उद्योगले गत वर्ष ३५ लाख ४० हजार क्विन्टल उखु क्रसिङ गरेको थियो । यस वर्ष गत वर्षको तुलनामा लक्ष्यभन्दा घटी उखु क्रसिङ भएको उद्योगका उखु प्रबन्धक योगनारायण रजकले बताउनुभयो । यस वर्ष पनि ३५ लाख उखु क्रसिङ गर्ने लक्ष्यका साथ माघ ११ गतेबाट सञ्चालन भएको उद्योगले अहिलेसम्म २६ लाख ५० हजार क्विन्टल मात्र उखु क्रसिङ गरेको र उद्योगको रेकर्डमा रहेको जग्गाको क्षेत्रफलअनुसारको उखु सकिएको भन्दै उद्योग चैत पहिलो साता नै क्रसिङ सकिएकाले उद्योग बन्द गर्ने तयारीमा रहेको प्रबन्धक रजकले बताउनुभयो ।

उहाँका अनुसार तेस्रो चरणको सूचना प्रकाशितसमेत भइसकेको छ । अबको दुई/तीन दिनभित्रमा उद्योग बन्द गर्ने गरी किसानको खेतमा बाँकी रहेको जे-जति उखु छ त्यो उद्योगसम्म ल्याउन उद्योगले सूचना जारी गरेको जनाइएको छ । आवश्यकभन्दा कम उखु उद्योगमा आएका कारण पछिल्लो समयमा दिनको केही घण्टा मात्र उद्योग चल्ने गरेको प्रबन्धक रजकले बताउनुभयो । दिनमा दुई/चार घण्टा मिल सञ्चालन गर्दा उद्योग मारमा पर्ने भएका कारण उद्योग चाँडै बन्द गर्न लागेको रजकले बताउनुभयो ।

किसानले पाउनुपर्ने भुक्तानी तथा अनुदान नपाएको भन्दै किसानले पछिल्लो समयमा उखुखेती कम गर्न थालेपछि लक्ष्यअनुसार उखु नआएको उद्योगले जनाएको छ । ऋण गरेर किसानले गरेको उखुखेतीको समयमै भुक्तानी तथा अनुदान नपाउँदा किसानको उखुखेतीप्रति मनोबल कमजोर भएको र अरु खेतीतर्फ किसान आकर्षण हुन थालेको जानकारले बताएका छन् । जिल्लामा तीन चिनी उद्योग भए पनि एउटा गत वर्षको अनुदान र भुक्तानी नै बाँकी रहेका कारण यस वर्ष सञ्चालन नै हुन सकेन भने एउटा केही दिन पहिला नै बन्द भइसकेको छ । इन्दु शङ्कर चिनी उद्योग पनि लक्ष्यअनुसार उखु क्रसिङ नभएपछि चाँडै बन्द हुन लागेको हो ।

# हरवा चरवा बालबालिकालाई मास्क र साबुन बितरण



**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**

कोरोना भाइरसको संक्रमणबाट जोगिन सप्तरीको शम्भुनाथ नगरपालिकाको विभिन्न विद्यालयमा अध्ययनरत हरवा चरवा बालबालिकालाई मास्क र साबुन बितरण गरिएको छ ।

शम्भुनाथ नगरपालिका र द फ्रिडम फन्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्र सप्तरीले शम्भुनाथ नगरपालिको विभिन्न वडाका ७० जना हरवा चरवा बालबालिकालाई मास्क र साबुन बितरण गरिएको हो ।

शम्भुनाथ नगरपालिका ३ स्थित शम्भुनाथ मन्दीर नजिकै रहेको बालपार्कमा आयोजित कोरोना भाइरसको संक्रमणको लक्षण र भाइरसबाट जोगिने विधि बारे जनचेतनामुलक अन्तरक्रियामा सहभागी बालबालिकालाई कार्यक्रममा शम्भुनाथ नगरपालिका वडा नम्बर ३ का वडाअध्यक्ष सत्रुधन प्रसाद चौधरी, वडा सदस्य ध्रुबनारायण चौधरी, श्रीपुर्राज सामुदायिक विकास केन्द्रका अध्यक्ष सुखीलाल चौधरी लगायतले मास्क र साबुन बितरण गरे ।

जनचेतनामुलक अन्तरक्रिया कार्यक्रममा श्रीपुर्राज सामुदायिक विकास केन्द्रका कार्यक्रम संयोजक शारदा चौधरी, सामाजिक परिचालक बिजली राम, पत्रकार राजु विश्वकर्मा, सामाजिक परिचालक पुनम चौधरीले कोरोना भाइरस संक्रमणका लक्षण, बच्ने उपाय लगायतका बिषयमा सहजीकरण गरेका थिए ।

*कोरोना...*

गाउँपालिकाका जनप्रनिधि समेत घरदौलो कार्यक्रम गर्दै जनताहरुलाई कोरोना भाइरसको संक्रमणबाट बच्न पर्चासहित मास्क बितरण गर्दै हात धुन सल्लाह दिएका छन् ।

यता डाक्नेश्वरी नगरपालिकाका प्रमुख शिव नारायण साहले छिमेकी मुलुक भारतमा समेत कोरोना भाईरसको संकमण पुगी सकेका कारण भारतसँग सिमाना जोडिएको आफ्नो नगरक्षेत्रका बासीन्दालाई सुरक्षित रहनका लागि जनचेतनामूलक कार्यकम अभियानकै रुपमा चलाईएको बताए ।

उनले कोरोना भाईरसबाट जोगिन बाहिरबाट आउने यात्रुको चेकजाँचका लागि नाका क्षेत्रमा हेल्थडेस्कको स्थापना गरिएको जानकारी पनि दिए ।

भारत सिमासँग जोडिएका तिलाठी कोईलाडी गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिंहले समस्या आएर सामाधान तर्फ लाग्नु भन्दा पहिले नै त्यसलाई रोक्न सक्नु बुद्धिमानी भएको बताउँदै भने, त्यही कुरालाई दृष्टिगत गरेर यति बेला हामीले घरदैलो अभियान सुरु गरेको जनाए । उनले पनि नाकामा हेल्थडेस्क राखेर नेपाली र भारतीय यात्रुको स्वास्थ्य जाँच शुरु गरिएको सुनाए ।

त्यस्तै हनुमाननगर कंकालिनी नगरपालिकाले पनि कोरोना भाईरसको संक्रमितको पहिचान र नियन्त्रणका लागि मुख्य सिमा नाकामा उच्च सतकर्ता अपनाउनुका साथै नगरबासीमा सचेतना फैलाउन घरदैलो अभियान संचालन गरेको छ ।

नगरप्रमुख शैलेश प्रसाद साहले भने, नाका क्षेत्रमा हेल्थडेस्क स्थापना गरी विशेष निगरानी गर्नुका साथै विभिन्न सतकर्त कार्यकम लिएर नगरका प्रत्येक वडा पुग्ने कार्यकमलाई तिब्र बनाएको जानकारी दिए । सप्तरी भारतको खुला सिमासँग जोडिएका कारण अलि बढी जोखिममा रहेकाले सीमा नाकामा उच्च सतर्कता बढाउनुका साथै नगरबासीलाई कोरोना भाईरस विरुद्ध अपनाउनु पर्ने सतकर्ता बारे जानकारी गराउन घरदैलो अभियान थालिएको उनको भनाई छ ।

भारतीय सीमासँगै जोडिएको विष्णुपुर गाउँपालिकाले पनि भाइरसको संक्रमणबाट बच्न र बचाउने तयारीलाई तिब्रता दिएको छ । गाउँपालिका प्रमुख लिलाम्बर यादवले कोरोना भाईरसको संकमणबाट जोगिन र जोगाउन नाका क्षेत्रमा हेल्थडेस्क स्थापना सँगै गाउँ र टोल हुदै घर घरसम्म सतकर्ता र चेतनाका लागि कार्यकमहरु संचालनमा ल्याएको जानकारी दिए ।

यसैबीच जिल्ला प्रहरी कार्यालय सप्तरी तथा मातहतमा कार्यरत सम्पुर्ण प्रहरी कार्मचारीहरुलाई कोरोना भाईरसको संक्रमणबाट बच्नका लागी मास्क वितरण गरेका जनाएको छ ।

## विश्व समाचार

# कोरोनाबाट विश्वभरीमा ८ हजार ९ सय ८२ को मृत्यु

जेनेभा, ६ चैत (रासस/एएफपी) ।

विश्वभरी महामारीका रुपमा फैलिँदै गएको कोरोना भाइरसको सङ्क्रमणको कारण बिहीबारसम्म आठ हजार ९८२ व्यक्तिको मृत्यु भएको छ ।

विश्व स्वास्थ्य सङ्गठनले बुधबार सार्वजनिक गरेको विवरणअनुसार संसारभरी दुई लाख २० हजार १९९ जना कोृरोना भाइरस सङ्क्रमित भएका छन् ।

सङ्क्रमित व्यक्तिहरुमा ८५ हजार ७६९ जना उपचारपछि घर फर्किएका छन् । एक लाख २५ हजार ४४८ व्यक्ति हाल सङ्क्रमित रहेका जनाइएको छ । कोरोना भाइरस कोभिड-१९ को सङ्क्रमण हालसम्म १७६ वटा देशमा देखा परीसकेको छ ।

चीनको हुबेई प्रान्तको उहान शहरबाट सुरु भएको कोभिड-१९ लाई विश्व स्वास्थ्य सङ्गठनले 'विश्वव्यापी महामारी'को सङ्ज्ञा दिएको छ ।

बिहीबार देशभित्र कुनै पनि नयाँ सङ्क्रमणका घटना देखा नपरेको चिनियाँ अधिकारीले बताएका छन् तर बाहिरबाट चीन आएका व्यक्तिमा बुधवार ३४ वटा नयाँ सङ्क्रमण देखापरेको जनाइएको छ ।

चिनियाँ मूलभूमिमा जनवरीयता ८१ हजारवटाभन्दा बढी कोरोनाभाइरसको सङ्क्रमण देखिएका छन् । चीनको हुबेई प्रान्तको उहानबाट शुरु भएको यस कोरोना भाइरस सङ्क्रमणबाट चीनभरी चीन हजार २३७ व्यक्तिको मृत्यु भएको छ भने ८० हजार ८९४ जना सङ्क्रमित रहेका छन् ।

हाल चीनमा कोरोना भाइरसको सङ्क्रमणका नयाँ घटना अधिकांश बाहिरबाट आएका आगन्तुकले ल्याएका जनाइएको छ ।

कोरोनाभाइरसका कारण विश्वभरि सडक र सार्वजनिक स्थल रित्तिएका छन् । यसैबीच बिहीवार दक्षिण कोरियामा १५२ वटा नयाँ घटना देखापरेका तर तीमध्ये कति विदेशबाट भित्रिएका हुन् सो भने प्रष्ट भइसकेको छैन् ।

सिङ्गापुरमा बुधवार ४७ वटा नयाँ सङ्क्रमण देखापरेका छन् जसमध्ये ३३ वटा आयातित थिए । यसैबीच भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले कोरोनाभाइरसको सङ्क्रमणबारे बिहीवार साँझ देशवासीका नाममा सम्बोधन गर्ने समाजिक सञ्जाल ट्विटरमार्फत बताउनु भएको छ ।

भारतमा हालसम्म कम्तीमा १६९ वटा कोरोनाभाइरस सङ्क्रमणका घटना देखापरेका छन् र देशभर सयौँको सङ्ख्यामा मानिसलाई 'सेल्फ आइसोलेशन' वा 'क्वारन्टीन' केन्द्रमा राखिएको छ ।

देशभर विद्यालय र कलेज बन्द गरिएका छन् र धेरै राज्यले भिडभाडमा प्रतिबन्ध लगाएका छन् । तर विज्ञले कोरोनाभाइरस फैलन नदिन भारतले अझ धेरै कदम चाल्नुपर्ने बताइरहेका छन् । हालसम्म भारतमा कोरोनाभाइरसका कारण तीन जनाको मृत्यु भएको भईसेकेको छ ।

पाकिस्तानमा कोरोनाभाइरस सङ्क्रमितको सङ्ख्या ३०७ पुगेको छ र त्यहाँ सङक्रमणबाट दुई जनाको ज्यान गइसकेको छ ।

श्रीलङ्कामा ५१ वटा, अफगानिस्तानमा २२ वटा, बाङ्गलादेशमा १४ वटा, माल्दिभ्समा १३ वटा, भुटानसङक्रमण हालसम्म देखापरेको छ ।

# अष्ट्रेलियामा गैरआवासीयमाथि यात्रा प्रतिबन्ध

सिड्नी, ६ चैत (रासस/सिन्ह्वा) ।

कोभिड-१९ विश्वव्यापीरुपमा फैलिएपछि अस्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनले सबै आगन्तुकका लागि देशको सिमाना बन्दको घोषणा गर्नुभएको छ ।

अस्ट्रेलियाका आप्रवासी बासिन्दा तथा अन्य नागरिकलाई स्थानीय समयाअनुसार शुक्रबार राति ९ बजेदेखि देशमा प्रवेश गर्न निषेध गरिने बिहीबार भएको एक प्रेस सम्मेलनमा बताउनु भएको हो ।

गैर अष्ट्रेलियाली नागरिक र देशमा प्रवेश गर्न चाहने अन्य देशका नागरिकलाई यस्तो बन्देज गरिएको हो । अत्यावश्यकताको आधारमा प्रवेश गर्न चाहने तथा अष्ट्रेलियाली नागरिकलाई भने १४ दिन क्वारन्टाइनमा बस्नुपर्ने अनिवार्य गरिएको पनि सो घोषणामा उल्लेख गरिएको छ ।

प्रधानमन्त्री मोरिसनले अष्ट्रेलियामा देखिएको सङ्क्रमणमध्ये करिब ८० प्रतिशत जति विदेशी नागरिकबाट सरेको पाइएको पनि जानकारी दिनुभएको छ ।

अष्ट्रेलिया सरकारको स्वास्थ्य विभागकाअनुसार बिहीबार बिहानसम्म ५५६ जनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ ।

# बैशाख २ गते सम्म सप्तरीका निजी बिद्यालयहरु बन्द

**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**

निजी बिद्यालयका संस्थापक तथा प्राचार्यहरूको एक बैठकले बैशाख २ गते सम्मका लागि सम्पुर्ण बिद्यालय बन्द गर्ने निर्णय गरेको छ ।

बिहिवार राजबिराजस्थित ह्याप्पील्यान्ड स्कुलको प्राङ्गणमा स्कुलका संस्थापक पुष्प सिटौलाको अध्यक्षता बसेको बैठकले सो निर्णय गरेको हो ।

बैठकबाट कोरोना भाईरसको प्रकोपलाई नियन्त्रण तथा सर्तकता अपनाउनका लागी बिद्यालय बन्द गरिएको निर्णय गरेको छ। सोही बैठकले अवस्था सामान्य र सुरक्षित भएपछि मात्र बिद्यालय सुचारू गर्ने निर्णय समेत गरिएको जनाइएको छ ।

यता बिद्यालयका बालबालिकालाई सतर्क भई स्वास्थ सुरक्षाका उपायहरू अबलम्वन गर्न र भिडभाडमा नजान, सरसफाई माध्यमवाट सुझाव दिने सबै अभिभावकमा अपिल गरिएको छ । बन्दको अबधि भित्र बिद्यार्थीहरूलाई सुरक्षित रहन सुरक्षाका उपायहरू अबलम्बन गर्न, सरसफाईमा ध्यान पुऱ्याउन आग्रह पनि गरिएको छ ।

बैठकमा प्याब्शन, एनप्याब्शन र नेपाल प्याब्शनका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

# एसईई दिन पुगेका बिद्यार्थी निरास भए

**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**

बिहीबारबाट सूचारु हुने भनिएको एसईई एक्कासी सरकारले बुधबार साँझ स्थगित गरिएको जानकारी दिएपछि सूचनाको अभावका कारण बिहीबार बिहान परिक्षा केन्द्रमा पुगेका विद्यार्थीहरु निरास भई घर जान बाध्य भएका छन् ।

प्रवेश पत्र र आवश्यक सामग्री सहित परिक्षा केन्द्र पुगेका परिक्षार्थीहरु परिक्षा स्थगनको जानकारी पाएपछि निरास भई फर्केका हुन ।

कोरोना भाईरसबाट संक्रमित हुने त्रासका बीच परिक्षाको तयारी गरेका बिद्यार्थीहरु बिहान परिक्षा केन्द्रमा आएपछि स्थगनको खबरले निरास भएको स्थानिय लिटिल फ्लावर विद्यालयमा परिक्षा दिन आएका परिक्षार्थी कुन्दन यादवले बताए ।

उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेलको संयोजकत्वमा रहेको कोभिड-१९ संक्रमण, रोगथाम तथा नियन्त्रण उच्चस्तरिय समन्वय समितिको अघिल्लो दिन बुधबार बसेको बैठकले एसईई र विभिन्न विश्व विद्यालयका पुर्व निर्धारित परिक्षा स्थगनको निर्णय गरेको थियो ।

तर, सो सूचना प्रवाहमा भएको ढिलाई तथा आफुहरुलाई जानकारी नभएकाले तयारी साथ परिक्षा केन्द्र पुगेको अर्का परिक्षार्थी सुनिता कुमारी राउतले सुनाईन ।

घरबाट टाढा परिक्षा केन्द्र भएकाहरु अघिल्लो दिन नै बसोबासका लागि डेरा भाडा लिई बसी सकेको तर परिक्षा केन्द्र पुग्दा स्थगनको खबर पाएपछि अनावश्यक खर्च तिरेर घर फर्किनु परेको परिक्षार्थी संजय कुमार साहले सुनाए ।

सप्तरीबाट यस वर्ष एसईई परिक्षा लागि १ हजार १ सय ४० परिक्षार्थी छन । तर अन्तिम समयमा गरिएको परिक्षा स्थगनले सवै अन्यौलमा परेका छन् ।

# जनज्योतीद्वारा निधन भएकी शेयर सदस्यका पतिलाई किरिया खर्च प्रदान

**दैनिक समाचारदाता**
**राजविराज, ६ चैत ।**

जनज्योती कृषि सहकारी संस्था लिमिटेड राजविराज ९ मलेठ सप्तरीले शेयर सदस्य सुग्नीदेवी मुखियाको निधन भएकोले उनका पतिलाई किरिया र्खच वापत नगद प्रदान गरेको छ ।



संस्थाका कार्यालयमा बिहीबार आयोजित एक कार्यक्रमबीच संस्थाका कोषाध्यक्ष मनोज कुमार यादवले मृतकका पति बिजय मुखियालाई किरिया खर्च वापत १५ हजार नगद प्रदान गरेका हुन् ।

सोही वडा निवासी संस्थाका शेयर सदस्य ५३ वर्षिया मुखियाको फागुन २५ गते निधन भएको थियो । उनी केही दिनदेखी बिरामी थिइन् ।

# त्रिविको परीक्षा स्थगित

काठमाडौँ, ६ चैत (रासस) ।

त्रिभुवन विश्वविद्यालयले शुक्रबारदेखि सञ्चालन हुने सबै परीक्षा स्थगन गर्ने निर्णय गरेको छ । त्रिवि कार्यकारी परिषद्को बैठकले अर्को सूचना जारी नहुँदासम्म सबै परीक्षा स्थगन गर्न केन्द्रीय परीक्षा सञ्चालक समिति र सम्बन्धित डीन कार्यालयलाई निर्देशन दिएको त्रिविका कार्यवाहक शिक्षाध्यक्ष प्रा डा शिवलाल भुसालले जानकारी दिनुभयो ।

"सरकारले नै कोभिड-१९ को सङ्क्रमण जोखिमका कारणले सबै परीक्षा स्थगन गर्ने भनेपछि हामीले पनि स्थगन गरेका हौँ", उहाँले भन्नुभयो, "भोलिदेखि सञ्चालन हुने सबै परीक्षा स्थगन गरेका छौँ ।" त्रिविले बिहीबार पूर्वनिर्धारित परीक्षा भने सञ्चालन गरेको थियो ।

परिषद् बैठकले त्रिवि अन्तर्गतका सम्पूर्ण आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसको पठन-पाठन पनि बिहीबारदेखि चैतमसान्तसम्म बन्द गर्ने निर्णय गरेको हो । हिउँदे/वर्षे बिदा पाउने शिक्षक/कर्मचारी/विद्यार्थीलाई आगामी वर्ष बिदाबाट मिलाउने गरी निर्णय गरेको कार्यवाहाक शिक्षाध्यक्ष प्राडा. भुसालले जानकारी दिनुभयो । त्रिविका सेवा आयोगका अन्तर्वाता र परीक्षाका कार्यक्रम सम्बन्धमा सेवा आयोगले सूचना प्रकाशित गरी जानकारी गराउने निर्णय समेत भएको छ ।

उहाँका अनुसार बैठकले त्रिविका नियमित प्रशासनिक कामहरु यथावत रुपमा सञ्चालन गर्ने, कार्यालयमा साबुन पानी र सेनिटाइजरको व्यवस्था गरी आवश्यक सावधानीका उपाय अपनाउन समेत सम्बन्धित निकायलाई निर्देशन दिने, कोभिड-१९ सङ्क्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिले २५ जनाभन्दा बढी संख्यामा भेला नहुने सूचना जारी गरेको हुँदा सोही अनुसार क्याम्पसका छात्रावासमा आवश्यक व्यवस्था मिलाउने सम्बन्धित क्याम्पसलाई निर्देशन दिने निर्णय गरेको छ ।

त्रिविका परीक्षा नियन्त्रण कार्यालयका परीक्षा नियन्त्रक पुष्पराज जोशीले स्थगन गरिएका परीक्षाका प्रश्नपत्र सुरक्षित राखिने बताउनुभयो । उहाँले उपत्यका बाहिरका क्याम्पसमा पठाइएको प्रश्नपत्र प्रहरी कार्यालयमा राखिने बताउनुभयो ।

त्रिविको त्रिविअन्तर्गतको स्नातकोत्तर प्रथम वर्षको आङ्शिक परीक्षा आगामी चैत ७ गतेदेखि, स्नातकोत्तर तह चौथो सेमेस्टरको चैत ८ गतेदेखि, स्नातकोत्तर दोस्रो सेमेस्टरको चैत २२ गतेदेखि, शिक्षा शास्त्रको एकवर्षे विएड चैत ९ गतेदेखि, स्नातक तहको कानून सङ्कायको दोस्रो तहको परीक्षा चैत १४ गतेदेखि शुरु गर्ने तालिका तय गरेको थियो ।

# बैंकिङ कसुरमा पत्रकार महासंघका तत्कालिन अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सात दिन कैद

रौतहट, ६ चैत (रासस) ।

उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जले बैंकिङ कसुर मुद्दामा नेपाल पत्रकार महासङ्घ जिल्ला शाखाका तत्कालीन अध्यक्षसहित सचिव र कोषाध्यक्षलाई सात दिन कैदको फैसला गरेको छ । गत माघ १३ गते भएको फैसला प्रति (कागज) बुधबार मात्र प्राप्त भएको हो ।

न्यायाधीशद्वय डिल्लीराज आचार्य र भीमकुमार ओझाको संयुक्त इजलासले बैंकिङ कसुर मुद्दाअन्तर्गत नेपाल पत्रकार महासङ्घका तत्कालीन अध्यक्ष रवीन्द्रप्रसाद साह, सचिव राजेन्द्रकुमार क्षेत्री र कोषाध्यक्ष रमेश तिमिल्सिनालाई चेक बाउन्स गरेको भनी दोषी ठहर गरेको थियो ।

बैंकिङ कसुर तथा सजाय निर्धारण ऐन २०६४ को दफा ३ (ग) बमोजिम कसुर अपराध गरेको हुँदा अध्यक्ष साह, सचिव क्षेत्री र कोषाध्यक्ष तिमिल्सिनालाई जनही रु ३३ हजार ३३३ का दरले चेक बाउन्स भएकामा भुक्तान गर्न आदेश दिइएको हो । सोही जिल्ला बौधीमाई नगरपालिका- ८ बस्ने उत्तमकुमार उपाध्यायका नाउँमा नेपाल पत्रकार महासङ्घको कार्यक्रम गरेबापत महासङ्घका ती पदाधिकारीले राष्ट्रिय वाणिज्य बैंक गौरको खाताबाट रु एक लाखको चेक दिए पनि भजाउन सकिएको थिएन ।


**बेरोजगार सूचीमा नाम दर्ता गर्नेबारे सूचना**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आ .व.२०७७ मा 78/१००(एक सय (दिनको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले २०७६ चैत्र महिनाभर आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा गई बेरोजगार सूचीमा नाम दर्ता गर्नुहुन सूचीत गरिन्छ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

नोभल कोरोना भाईरस (COVID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक काम बाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!



के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ । यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस् ।

सम्पर्क
स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.– ०३१–५२१७९३, मो.–९८५२८२११९३
९८०११५२१७९३

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | prabhu Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*